


**अध्यक्ष हेनरी बी आइरिङद्वारा**
प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार

# असल कुरा गर्नका लागि नडराउनुहोस्

*परमप्रभुले हामीलाई बताउनुहुन्छ कि जब हामी आस्थारुपी उहाँको पत्थरमा उभिन्छौँ, संदेह र त्रास घटेर जान्छ र असल कुरा गर्ने चाहना बढेर जान्छ ।*

मेरा प्यारा दाजुभाइ र दिदीबहिनीहरु, म विनम्रतापूर्वक प्रार्थना गर्छु कि परमप्रभुको आत्मा हामीसँग होस् जसै आज मैले बोल्नेछु । उत्कृष्ट प्रार्थनाहरुमा, प्रेरणादायी उपदेशहरु र यो सम्मेलनको दिव्य गायनमा महसुस गरिएको प्रेरणहरुका लागि मेरो हृदय परमप्रभु प्रतिको कृतज्ञताले भरिएको छ, जसको यो चर्च हो ।

गत अप्रिलमा, अध्यक्ष थमस एस् मनसनले एक सन्देश दिनुभयो जसले मेरो सहित संसारभरीका सबै हृदयहरुलाई हलचल गरायो । उहाँले मोर्मोनको पुस्तकको शक्तिका बारेमा बोल्नुभयो । उहाँले हामीलाई अध्ययन, मनन गर्न र यसका शिक्षाहरु लागु गर्न आग्रह गर्नुभयो । उहाँले प्रतिज्ञा गर्नुभयो कि यदि हामीले हरेक दिन अध्ययन र मननका लागि समय निकाल्यौं र मोर्मोनको पुस्तकमा भएका आज्ञाहरु पालना गर्‍यौं भने हामीसँग यसको महत्वपूर्ण गवाही हुनेछ र परिणाम स्वरुप प्राप्त भएको जीवित खीष्टको गवाहीले समस्याको समयमा  हामीलाई बाहिर निकाल्ने छ । (हेर्नुहोस् "मोर्मोनको पुस्तकको शक्ति," *Liahona,* मे २०१७, ८६-८७ ।)

तपाईंहरु मध्येका अधिकांशले जस्तै, मैले अगमवक्ताका वाणीहरु मेरा लागि परमप्रभुका वाणीहरु जस्तै सुनेको छु । अनि तपाईंहरु मध्येका अधिकांशले जस्तै, मैले ती वचनहरुको पालन गर्ने निर्णय गरेको छु । म सानो केटा हुँदा देखि आज सम्म, मैले मोर्मोनको पुस्तक परमेश्वरको वचन हो भन्ने साक्षी महसुस गरेको छु कि पिता र पुत्र जोसेफ स्मिथ सामु प्रकट हुनुभयो र बोल्नुभयो अनि ती प्राचीन प्रेरितहरु अगमवक्ता जोसेफ सामु आए र परमप्रभुको चर्चमा पादरित्वका साँचाहरुको पूनर्स्थापना गरे ।

त्यही गवाहीसँगै, ५० वर्ष भन्दा पनि बढी हरेक दिन मैले मोर्मोनको पुस्तक पढेको छु । त्यसैले सम्भवतया, मैले उपयुक्त तरिकाले अध्यक्ष मनसनका शब्दहरु अरु कसैका लागि थिए भनेर सोचेँ होला । अझै पनि तपाइँहरु अधिकांशले जस्तै, मैले अगमवक्ताको प्रोत्साहनलाई महसुस गरेको छु र उहाँको प्रतिज्ञाले मलाई अझै राम्रा प्रयासहरु गर्न आमन्त्रण गर्दछ । तपाइँहरु मध्ये अधिकांशले मैले गरे जस्तै गर्नुभयो होला: वृद्धि भएको चाहना सहित प्रार्थना गर्ने, अधिक चासोका साथ धर्मशास्त्रहरुलाई मनन गर्ने र परमप्रभु र उहाँका लागि अरुहरुको सेवा गर्न अझै बढी प्रयास गर्ने ।

अगमवक्ताको प्रतिज्ञा गरेका कुराहरु मेरा लागि र तपाइँहरु भध्ये असङ्ख्यका लागि खुशीका परिणाम भएका छन् । हामी मध्येका तिनीहरु जसले उहाँका प्रेरणादायी प्रतिज्ञाहरुलाई हृदयमा लिएका छौँ, आत्माको आवाजलाई स्पष्ट रुपमा सुनेका छौं । हामीले प्रलोभनको सामना गर्न थप शक्ति पाएका छौं र पूनर्जीवित येशू खीष्ट, उहाँको सुसमाचार र उहाँको जीवित चर्चमा महान् आस्थाको महसुस गरेका छौं ।

संसारमा कोलाहलको अंश बढिरहेको अवस्थामा, ती गवाहीमा भएको बृद्धिले शंका र त्रासलाई बाहिर

निकालेका छन् र हामीमा शान्तिको महसुस गराएका छन् । अध्यक्ष मनसनको निर्देशनमा अगाडि बढ्दा ममा अन्य दुई अद्भुत प्रभावहरु परेका छन्: पहिलो, संसारमा कोलाहलमा वृद्धि भएको देखिए तापनि उहाँले प्रतिज्ञा गर्नुभएको आत्माले अगाडि के छ भन्ने बारेको आशावादको समझलाई उत्पन्न गरेको छ । अनि दोस्रो, परमप्रभुले मलाई र तपाईंलाई सङ्कटमा परेकाहरुका लागि उहाँको प्रेमको महान् अनुभव पनि दिनुभएको छ । हामीले अरुहरुको उद्धारमा जाने चाहनामा वृद्धि भएको महसुस गरेका छौं । त्यो चाहना अध्यक्ष मनसनको हृदयको प्रशासन र शिक्षामा रहेको छ ।

उहाँहरुको अगाडिको कार्य विशाल देखिए तापनि अगमवक्ता जोसेफ स्मिथ र ओलिभर काउड्रीलाई परमप्रभुले अरुहरु प्रतिको प्रेम र साहसको प्रतिज्ञा गर्नुभयो । परमप्रभुले भन्नुभयो कि आवश्यक परेको साहस उनीहरुको उहाँ माथीको आस्थाबाट आउँछ उनीहरुको चट्टान जस्तै ।

"असल कुरा गर्न नडराऊ मेरा पुत्रहरु, किनकी तिमीले जे रोप्छौ, त्यहिनै कटौती पनि गर्नेछौ त्यसैले यदि तिमीले असल कुरा रोप्यौ भने पुरस्कारका रुपमा तिमीले पनि असल कटौती गर्नेछौ ।

"त्यसैले, नडराउ, सानू समुह; असल कुरा गर, पृथ्वी र नरक तिम्रा विरुद्धमा सँगै हुँदा पनि यदि तिमी चट्टानमा उभिएका छौ भने तिनीहरुले तिमीलाई जित्न सक्दैनन् ।

"हेर, मैले तिमीलाई दोषी मान्दिन; तिम्रो बाटो जाउ र अरु पाप नगर; सार्थकताका साथ मैले तिमीलाई आज्ञा दिएको काम गर ।

"हरेक विचारमा मलाई हेर; शंका नगर्नुहोस्, नडराउनुहास्

"चोटहरु हेर जुन मेरा कोखमा छेडिएका थिए, अनि मेरा हात र खुट्टाहरुका किलाका डामहरु पनि; आस्थावान् बन, मेरा आज्ञाहरु पालना गर, अनि तिमीले स्वर्गको राज्य प्राप्त गर्नेछौ (सि र क ६:३३-३७) ।

परमप्रभुले पुनर्स्थापनाका अगुवाहरुलाई भन्नुभयो, अनि उहाँले हामीलाई भन्नुभयो, कि जब हामी उहाँको चट्टानमाथि आस्थामा खडा हुन्छौं, शंका र त्रास क्षिण हुन्छन्; असल काम गर्ने चाहनाको वृद्धि हुन्छ । जसै हामीले हाम्रो हृदयमा येशू ख्रीष्टको गवाहीलाई रोप्नका लागि अध्यक्ष मनसनको आमन्त्रणलाई स्वीकार गर्छौं, हामीले हाम्रा स्वयम्का आवश्यकताहरुको समेत वास्ता नगरी अरुहरुको उद्धारका लागि जाने इच्छा, साहस र शक्ति प्राप्त गर्छौं ।

विश्वासमा रहेका पछिल्ला दिनका सन्तहरुले त्रासदीय परीक्षाहरु भोग्दाको समयमा मैले त्यो आस्था र साहसलाई धेरै पटक देखेको छु । उदाहरणका लागि, जुन ५, १९७६ मा टेटनको बाँध फुट्दा म आइडहोमा थिएँ । पानीको एक भेल तल आयो । हजारौं तिनीहरुको घरबाट विस्थापित् भए । हजारौं घर र व्यवसायहरु विनाश भएका थिए । चमत्कारिक रुपमा १५ जनाभन्दा कम मानिसहरु मारिएका थिए ।

जुन कुरा मैले त्यहाँ देखें, मैले देखेको छु कि पछिल्ला दिनका सन्तहरु येशू ख्रीष्टको गवाहीको चट्टानमा दृढतापूर्वक उभिएका छन् । किनकि तिनीहरुसँग शंका छैन उहाँले तिनीहरुलाई हेर्नुहुन्छ, तिनीहरु त्रासरहित हुन्छन् । अरुहरुको उद्धारमा जानका लागि तिनीहरुले उनीहरु स्वयम्का परीक्षाहरुलाई बेवास्ता गर्छन् । अनि तिनीहरुले बदलामा कुनै चीजको अपेक्षा नराखी परमप्रभुका लागि प्रेमसहित यसो गर्छन् ।

उदाहरणका लागि, जब टेटन बाँध फुट्यो, पछिल्ला दिनका सन्तका एक दम्पत्ति तिनीहरुको घरबाट माइलौं टाढा यात्रा गरिरहेका थिए । तिनीहरुले रेडियोमा समाचार सुन्ने बित्तिकै, तिनीहरु रेक्सवर्गमा हतारीएर फर्के । तिनीहरुको घरमा गएर उनीहरुको घर विनाश भयो कि भएन भनेर हेर्नुको सट्टा तिनीहरुको विशपलाई खोज्दै गए । उनी एक भवनमा थिए जसलाई स्वास्थ्यलाभ केन्द्रका रुपमा उपयोग गरिएको थियो । उनले पँहेलो स्कूल बसमा आउन लागेका हजारौं स्वयम् सेवकहरुलाई निर्देशित गर्न सहयोग गरिरहनुभएको थियो ।

ती दम्पत्ति विशपकोमा गए र भने, "हामी भर्खरै फर्कियौं । सहयोग गर्न हामी कहाँ जान सक्छौं ?" उनले तिनीहरुलाई एक परिवारको नाम दिए । एक पछि अर्को घरमा गर्दै त्यो दम्पत्तिले माटो र पानी बाहिर निकाल्न सुरु गऱ्यो । असंख्य दिनसम्म तिनीहरुले बिहान देखि बेलुकासम्म काम गरे । अन्तत: तिनीहरु विश्राम लिएर तिनीहरुको आफ्नै घर हेर्न गए । यो सफा गर्नका लागि केही पनि नछोडी बाढीले लगिसकेको थियो । त्यसैले तिनीहरु फेरि उनीहरुको विशपकोमा जान तुरुन्तै फर्किए । तिनीहरुले सोधे, "विशप के हामीले सहयोग गर्नका लागि तपाईंसँग कोही छ ?"

चमत्कारको त्यो साहस र करुणा—ख्रीष्टको विशुद्ध प्रेम—वर्षभरीमा र विश्वभरी दोहोऱ्याइयो । अगमवक्ता जोसेफ स्मिथको समयमा मेसोरीमा

सतावटहरु र परीक्षाहरुका भयानक दिनहरुमा यस्तो भएको थियो । ब्रिघम यङले प्रवासीलाई नभूबाट अगुवाइ गर्दा अनि त्यसपछि सम्युक्त राज्यको पश्चिमी क्षेत्रका सबै मरुभूमिहरुबाट सन्तहरुलाई बोलाएर परमप्रभुका लागि सियोन सिर्जना गर्न एक अर्कालाई सहयोग गर्दा यस्तो भएको थियो ।

यदि तपाईंले यी अगुवाहरुको पूरै दैनिकी पढ्नुभयो भने तपाईंले आस्थाले शंका र त्रासलाई हटाएको चमत्कार देख्नुहुन्छ । अनि तपाईंले सन्तहरुले तिनीहरु स्वयम्का भेडाहरु र नजोतिएका खेतहरु तर्फ जानु अगाडि परमप्रभुका लागि अरु कसैलाई सहयोग गर्न आफ्ना चाहनाहरुलाई छोडेको पढ्नुहुन्छ ।

केही दिन अगाडि प्योर्टो रिको, सेन्ट थमस र फ्लोरिडामा भएको तुफानको दुश्परिणममा मैले त्यही चमत्कार देखेँ जहाँ सफाइका प्रयासहरु सुरु गर्न पछिल्ला दिनका सन्तहरुले अरु चर्चहरु, स्थानीय समुदायका समुहहरु र राष्ट्रिय संगठनहरुसँग सहकार्य गरे ।

रेक्स्वर्गमा मेरा साथीले जस्तै एक सदस्य नभएका फ्लोरिडाका दम्पत्तिले उनको आफ्नै सम्पत्तिमा काम गर्नु भन्दा समुदायको सेवामा जोड दिए । जब पछिल्ला दिनका केही सन्तहरुले तिनीहरुको बाटोलाई अवरुद्ध गराएका दुई ठूला रुखहरुलाई हटाउनका लागि सहयोग प्रदान गरे ती दम्पत्तिले बताए कि तिनीहरु व्याकुल भएका थिए, र तिनीहरुको आफ्नै घरमा तिनीहरुलाई आवश्यक पर्ने सहयोग परमप्रभुले प्रदान गर्नुहुनेछ भनेर आस्था राख्दै अरुहरुलाई सेवा गर्नका लागि गएका थिए । त्यसपछि पति चाहिँले बताए कि हाम्रो चर्चका सदस्यहरु सहयोगका साथ पुग्नु अगाडि यो दम्पत्तिले प्रार्थना गरिरहेको थियो । तिनीहरुले सहयोग आउने छ भनेर जवाफ पाएका थिए । त्यो सुनिश्चितताको एक घण्टा भित्र यो आयो ।

मैले एक रिपोर्ट सुनेँ कि पँहेलो रङ्गको सहयोगी हातहरुको टिसर्ट लगाएका पछिल्ला दिनका सन्तहरुलाई केही मानिसहरुले "पँहेला देवदूतहरु" भनेर बोलाउन थालेका छन् । पछिल्ला दिनकी एक सदस्यले सेवाका लागि उनको कार भित्र लगिन् र उनलाई सहयोग गर्ने मानिसले उनीसँग भएको "आत्मिक अनुभवको" वर्णन गरे, जब पँहेलो सर्टमा रहेका मानिसहरुले उनको आँगनबाट रुख हटाए अनि त्यस पछि, उनले भने, "तिनीहरुले मेरा लागि परमेश्वरको सन्तति हुनु बारेका गीत गाए ।"

हाम्रो आस्थामा नभएका अर्का फ्लोरिडा निवासीले बताए कि पछिल्ला दिनका सन्तहरु उनको घरमा आए जब तिनी उनको विनास भएको आँगनमा काम गर्दै थिईन् र व्यग्रताले विछिप्त भएकी थिइन् र रुनै लागेकी थिईन् । उनको शब्दमा स्वयम्सेवकहरुले "विशुद्ध चमत्कार" नै सिर्जना गरे । तिनीहरुले प्रतिफलका रुपमा कुनै पनि कुराको अपेक्षा नगरी खुशी र मुस्कान सहित लगनका साथ सेवा मात्रै गरे ।

शनिबारको बेलुका तिर फ्लोरिडामा पछिल्ला दिनका सन्तहरुको एक समूहलाई भेट्दा मैले त्यो समर्पण र खुशीलाई देखेँ । स्वयम् सेवकहरुले मलाई तिनीहरु मध्येका केहीसँग हात मिलाउनका लागि पर्याप्त समय हुने गरी सफा गर्ने कामलाई रोकेका थिए । तिनीहरुले बताए कि उनीहरुको किल्लाका ९० सदस्यहरुले फ्लोरिडाको उद्धार टोलीमा सहभागी हुनका लागि गएको रातीमा योजना बनाएका थिए ।

तिनीहरु बिहानको ४ बजे जर्जियाबाट हिँडे, घण्टौं यात्रा गरे, दिन र रात काम गरे र अर्को दिन पून: कामगर्ने योजना बनाए ।

तिनीहरुले यो मलाई मुस्कान र असल भावका साथ सबै वर्णन गरे । मैले एकमात्र तनावको महसुस गरेँ कि तिनीहरुलाई प्रशंसा गर्न रोकियोस् ताकि तिनीहरु पून: काममा जान सकून् । जसै हामी अर्को उद्धार समूहलाई भेट्न जान लागेका थियौं किल्लाध्यक्षले उनको श्रीङ्खलालाई पून: सुरु गरिसकेका थिए जहाँ उनी ढलेको रुखमा काम गरिरहेका थिए र विशपले रुखका हाँगाहरु हटाइरहेका थिए ।

त्यो दिनको सुरुआतमा, जसै हामीले अर्को कार्यक्षेत्रबाट गयौं, एक मानिस कारसम्म आइपुग्यो, उसको टोपी खोल्यो र स्वयम्सेवकहरुका लागि हामीलाई धन्यवाद दियो । उसले भन्यो, "म तिमीहरुको चर्चको सदस्य होइन । हाम्रा लागि तिमीहरुले के गर्‍यौ भनेर म विश्वास गर्न सक्दिन । परमेश्वरले तिमीहरुलाई आशीषित गरुन् ।" पहेँलो सर्टमा उसको नजिकै रहेका एल्डिएस्का स्वयमंसेवक मुस्कुराए र आफ्ना कांधहरु हल्लाए जसै ऊ प्रशंसाका लागि उपयुक्त छैन ।

जब जर्जियाबाट स्वयंसेवकहरु यो मानिस जसले विश्वास गर्न सकेन लाई सहयोग गर्न आए, पछिल्ला दिनका सयौं सन्तहरु अति नै विनाश भएको फ्लोरिडाको भागबाट सयौं माइल दक्षिण तर्फका फ्लोरिडाकै अन्य क्षेत्रमा गए जहाँ तिनीहरुले मानिसहरु अति नै पीडित थिए भनेर सुनेका थिए ।

त्यो दिनमा मैले अगमवक्ता जोसेफ स्मिथको

अगमवाणीलाई अझै राम्ररी सम्झिएँ र बुझेँ: "परमेश्वरको प्रेमले पूर्ण भएको मानिस, आफ्नो परिवारलाई मात्र आशीष भएर सन्तुष्ट हुँदैन तर पूरै विश्वमा खोजी गरेर, पूरै मानव जातिलाई आशीषित गर्न उत्सुक हुन्छ ।" (*Teachings of Presidents of the Church: Joseph Smith* (२००७), ४२६ ।

सबै ठाउँका पछिल्ला दिनका सन्तहरुको जीवनमा हामीले यस्तो प्रकारको प्रेम देख्न सक्छौँ । हरेक समयमा संसारको कुनै पनि स्थानमा दुःखका घटनाहरु हुन्छन्, चर्चका मानवीय प्रयासहरुमा पछिल्ला दिनका सन्तहरुले दान र स्वयंसेवाको कार्य गर्छन् । एक अपिलको विरलै आवश्यकता पर्छ । वास्तवमा, कुनै अवसरहरुमा, हामीले कार्यलाई निर्देशित गर्नेहरु उनिहरुलाई प्राप्त गर्नका लागि तयार नहुँदा सम्म स्वयम् सेवकहरुलाई घटानस्थलको यात्राका लागि प्रतिक्षा गर्न भन्नुपर्ने हुन्छ ।

आशीषित गर्ने त्यो चाहना भनेको येशू ख्रीष्टको गवाही प्राप्त गरिरहेका मानिसहरु, उहाँको सुसमाचार, उहाँको पूनर्स्थापित् चर्च र उहाँका अगमवक्ताको फल हो । त्यसैले परमप्रभुका मानिसहरु शंका गर्दैनन् र डराउँदैनन् पनि । त्यसैले संसारको हरेक कुनामा धर्मप्रचारकहरुले सेवाकालागि स्वयंसेवाको काम गर्छन् । त्यसैले अभिभावकहरुले उनीहरुका केटाकेटीहरुसँगै अरुहरुका लागि प्रार्थना गर्छन् । त्यसैले अगुवाहरुले तिनीहरुका युवायुवतीहरुलाई अध्यक्ष मनसनको मोर्मोनको पुस्तकलाई तिनीहरु स्वयंको हृदयमा डुवाउने अनुरोधलाई लिन चुनौती दिन्छन् । अगुवाहरुले आग्रह गर्दैमा फल आउँदैन तर युवायुवतीहरुले आस्था अनुरुप कार्य गरेर आउँछ । कार्यमा लगाइएको त्यही आस्थाका लागि जस्मा निस्वार्थ त्यागको आवश्यकता पर्दछ, हृदयमा परिवर्तन ल्याउँछ जस्ले तिनीहरुलाई परमेश्वरको प्रेमलाई महसुस गर्न अनुमति दिन्छ ।

हाम्रा हृदयहरु, जेभए तापनि परिवर्तन हुनेछन् जसै हामीले अगमवक्ताको निर्देशनहरुलाई निरन्तर रुपमा अनुशरण गर्छौं । एक पटकको प्रयास पछि यदि हामीले छोड्यौं भने परिवर्तन विलाउँछ ।

पछिल्ला दिनका आस्थावान् सदस्यहरुले परमप्रभु येशू ख्रीष्टमा, परमेश्वरका वचनका रुपमा मोर्मोनको पुस्तकमा र उहाँको सत्य चर्चमा पादरित्वको पूनर्स्थापनामा तिनीहरुको आस्थामा वृद्धि गराएका छन् । वृद्धि भएको त्यो गवाहीले हामीलाई महान् साहस र परमेश्वरका अन्य सन्ततिहरुका लागि चासो दिएको छ । तरपनि अगाडिका चुनौतीहरु र अवसरहरुलाई अझै बढी आवश्यकता पर्छ ।

हामीले विवरणहरुको पूर्वानुमान गर्न सक्दैनौं, तरपनि हामीले ठूलो तस्वीरलाई थाहा पाउन सक्छौं । हामीलाई थाहा छ कि अन्तिम दिनहरुमा संसार व्याकुलतामा हुनेछ । हामीलाई थाहा छ कि जुनसुकै समस्याको बीचमा पनि हरेक राज्य, कूल, जिब्रो र मानिसमा येशू ख्रीष्टको सुसमाचार लैजानका लागि पछिल्ला दिनका आस्थावान् सन्तहरुलाई परमप्रभुले अगुवाइ गर्नुहुनेछ । उहाँ पूनः आउँदा उहाँलाई प्राप्त गर्नका लागि परमप्रभुका सत्य अनुयायीहरु योग्य र तयार रहनेछन् भनेर हामीलाई थाहा छ । हामीले डराउनु आवश्यक छैन ।

त्यसैले, जसै हामीले हाम्रो हृदयमा अगाडि नै आस्था र साहस निर्माण गरिसकेका छौं, परमप्रभुले हामी र हामी पछिका पुस्ताहरुबाट अझै बढी अपेक्षा गर्नुहुन्छ । तिनीहरु अझै बढी सामर्थ्य र साहसी हुनुपर्नेछ किनकि तिनीहरुले हामीले भन्दा महान् र कठीन चीजहरु गर्नेछन् । अनि तिनीहरुले हाम्रो आत्माको दुष्टताबाट वृद्धि भइरहेका प्रतिरोधहरुको सामना गर्नेछन् ।

जसै हामी आशावादिताको बाटोमा अगाडि जान्छौं त्यो परमप्रभुबाट दिइएको हो: "हरेक विचारमा मलाई हेर; शंका नगर, नडराउ" (सि र क ६:३६) । यो कसरी गर्ने भनेर अध्यक्ष मनसनले हामीलाई भन्नुभयो । हामीले मनन गर्नुपर्छ र मोर्मोनको पुस्तक अनि अगमवक्ताका वचनहरुको उपयोग गर्नुपर्छ । सधैं प्रार्थना गर्नुहोस् । विश्वासी बन्नुहोस् । तपाईंको सम्पूर्ण हृदय, शक्ति, समझ र सामर्थ्यले परमप्रभुको सेवा गर्नुहोस् । करुणाको उपहार, ख्रीष्टको विशुद्ध प्रेमका लागि हामी हाम्रो हृदयको सम्पूर्ण शक्तिले हामीले प्रार्थना गर्नुपर्छ ( हेर्नुहोस् मोरोनी ७:४७-४८) । अनि यी सबैभन्दा पनि माथि, हामी अगमवक्ताको निर्देशनलाई अनुशरण गर्ने कुरामा हामी लगातार र निरन्तर हुनुपर्छ ।

जब बाटो कठीन हुन्छ, हामी परमप्रभुको प्रतिज्ञामा निर्भर रहन सक्छौं—जुन प्रतिज्ञा अध्यक्ष मनसनले हामीलाई स्मरण गराउनुभएको छ जब उहाँले प्रयाशः यी मुक्तिदाताका शब्दहरुलाई उद्धत गर्नुहुन्छ: "जसले तपाईंलाई लिन्छ, त्यहाँ म पनि हुनेछु, किनकि म तिम्रा अगाडि जानेछु । म तिम्रो दाहिने र देब्रे हात तर्फ हुनेछु, अनि मेरो आत्मा तिम्रो हृदयमा हुनेछ र तिमीलाई लिनका लागि मेरा देवदूतहरु तिमी वरिपरि हुनेछन् । ( सि र क ४:८) ।

म गवाहि दिन्छु कि जब तपाईं उहाँको कार्यमा जानुहुन्छ परमप्रभु तपाईंको अगाडि जानुहुन्छ । कहिलेकाहीँ अरुहरुलाई माथि उठाउन तपाईं परमप्रभुको

देवदूत हुनुहुनेछ । कहिलेकाही तपाइँ देवदूतहरुले घेरिएको हुनुहुनेछ जसले तपाइँलाई माथि उठाउने छन् । तरपनि जसै तपाइँलाई हरेक प्रभुभोजसभामा प्रतिज्ञा गरिए जस्तै तपाइँको हृदयमा हुनका लागि उहाँको आत्मा तपाइँसँग सधैं रहिरहनेछ । त्यसका लागि तपाइँले केवल उहाँका आज्ञाहरुको पालना गर्नुपर्नेछ ।

पृथ्वीमा परमेश्वरको राज्यका लागि उत्तम दिनहरु आउँदैछन् । अगमवक्ता जोसेफ स्मिथको समय देखि जस्तै प्रतिरोधहरुले येशू ख्रीष्टमा हाम्रो आस्थालाई मजबुत बनाउनेछन् । आस्थाले सँधैं त्रासलाई पराजित गर्छ । सँगै रहनाले एकता सिर्जना हुन्छ । अनि आवश्यकतामा रहेका तिनीहरुका लागि गरिएका तपाइँका प्रार्थनाहरु जीवित परमेश्वरद्वारा सुनिने र जवाफ दिइने छन् । उहाँ न त भुल्नुहुनेछ न निदाउनु नै हुनेछ ।

म मेरो साक्षीलाई बाँढ्छु कि परमेश्वर पिता जीवित हुनुहुन्छ र उहाँले तपाइँलाई घर फर्कियोस् भन्ने चाहनुहुन्छ । यो येशू ख्रीष्टको सत्य चर्च हो । उहाँले तपाइँलाई चिन्नुहुन्छ; उहाँले तपाइँलाई माया गर्नुहुन्छ; उहाँले तपाइँको हेरचाह गर्नुहुन्छ । उहाँले तपाइँ र मेरा अनि स्वर्गमा रहनुहुने पिताका सबै सन्ततिहरुका पापहरुका लागि प्रायश्चित्त गर्नुभयो । हाम्रो जीवन र अरुहरुका लागि हाम्रो सेवामा उहाँको अनुशरण गर्नु नै अनन्त जीवनका लागि एक मात्र बाटो हो ।

म यो प्रमाणित गर्छु र मेरा आशीष र प्रेम तपाइँलाई छोड्छु । येशू ख्रीष्टको पवित्र नाममा, आमीन ।

**हाम्रो समयका लागि शिक्षाहरु**

नोभेम्वर २०१७ देखि अप्रिल २०१८, सम्मका चौथो आइतबारका मेल्केसदिक पादरित्व र राहत समाजका पाठहरु अक्टोवर २०१७ को साधारण सम्मेलनमा दिइएका वक्तव्यहरुबाट तयार पारिन्छन् । अप्रिल २०१८ मा, या त अप्रिल वा अक्टोवरका साधारण सम्मेलनहरुबाट वक्तव्यहरु छनौट गरिनेछन् । किल्ला र जिल्ला अध्यक्षहरुले तिनीहरुको क्षेत्रमा कुन वक्तव्यलाई उपयोग गर्ने भनेर छनौट गर्नेछन् वा तिनीहरुले यो उत्तरदायित्वलाई विशप र शाखा अध्यक्षहरुलाई दिन पनि सक्नेछन् ।

धेरै भाषाहरुमा वक्तव्यहरु उपलब्ध छन् conference.lds.org ।

© 2017 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97931-372 को अनुवाद ।



**अध्यक्ष डिटर एफ. उक्डोर्फद्वारा**
प्रथम अध्क्षतामा दोस्रो सल्लाहकार

# तीन दिदीबहिनीहरु

*हामी हाम्रै अनुयायीका लागि उत्तरदायी छौं, र अरुहरुले हामीलाई व्यवहार गर्ने कुनै पनि तरिकाका लागि थोरै सम्बन्धित छ ।*

प्रिय दिदीबहिनीहरु, प्रिय मित्रहरु, विश्वव्यापी रुपमा दिदीबहिनीहरुको साधारण सम्मेलनको सत्र अति नै महत्वपूर्ण र सुन्दर छ । केवल कल्पना गर्नुहोस्: सबै उमेर, पृष्टभूमीका, राष्ट्रियताका र भाषाका दिदीबहिनीहरु परमप्रभु येशू खीष्टका लागि आस्था र प्रेममा एकीकृत भएका छन् ।

जसै हामीले भर्खरै हाम्रा प्रिय अगमवक्ता अध्यक्ष थमस् एस् मनसनलाई भेट्यौं, उहाँले परमप्रभुलाई कति प्रेम गर्नुहुन्छ भनेर हामीसामु व्यक्त गर्नुभयो र मलाई थाहा छ कि अध्यक्ष मनसन तपाईंहरुको प्रेम, प्रार्थना र परमप्रभु प्रतिको समर्पणका लागि अति नै कृतज्ञ हुनुहुन्छ ।

धेरै लामो समय अगाडि टाढाको भूमीमा तीन जना दिदीबहिनीहरुको परिवार बस्थ्यो ।

पहिलो दिदी **दु:खी** थिईन् । उनलाई तिनको नाकदेखि चिउँडासम्म र उनको छालादेखि खुट्टाको औँलासम्मका हरेक चीज पर्याप्त देखिँदैनथे । जब तिनले बोलिन्, उनका शब्दहरु कहिलेकाहीँ बेढङ्गका साथ निस्किन्थे, र मानिसहरु हाँस्थे । जब कसैले उनको आलोचना गर्थे वा कुनै चीजका लागि उनलाई निमन्त्रण दिन विर्सिए, उनी उदास हुन्थिन्, टाढा पुग्थिन् र एकान्त ठाउँ पत्ता लगाउँथिन् जहाँ उनले तिनको दु:खलाई बाहिर पठाउन सक्थिन् र सोच्थिन् जीवन किन यसरी खल्ला र उदासमा परिणत भएको छ ।

दोस्रो खालकी दिदी **क्रोधित** थिइन् । तिनले आफू स्वयम्लाई अति नै तिक्ष्ण सम्भिन्थिन् तर त्यहाँ विद्यालयको परिक्षामा अधिक अंक प्राप्त गर्ने सँधै अरु कोही हुन्थे । उनले आफू स्वयम्लाई विचित्र, निष्पक्ष, फेसनेवल, र आकर्षक महसुस गर्थिन् । तर त्यहाँ सधैँ, कोही अरु हुन्थे जो अभ्कै बढी विचित्र, निष्पक्ष, फेसनेवल अथवा बढि आकर्षक देखिन्थ्यो ।

तिनी कुनै पनि चीजमा कहिल्यै पनि प्रथम भईनन्, र यसलाई तिनीले कहिल्यै पनि सहन सकिनन् । जीवन यस्तो प्रकारको हुनुहँदैनथ्यो !

कहिलेकाहीँ तिनी अरुहरुलाई कराउँथिन् र यस्तो देखिन्थ्यो कि उनी सधैँ एक वा अर्को चीजबाट तिरस्कृत हुन थालेकीथिइन् ।

निश्चिय नै, यसले तिनलाई अरु थप आकर्षक वा प्रसिद्ध बनाएन । कहिलेकाहीँ तिनले दाह्रा किट्थिन्, मुठ्ठी कस्थिन् र विचार गर्थिन्, “जीवन अति नै अनुचित छ ।”

त्यसपछि त्यहाँ दु:खी र क्रोधित दिदीहरुभन्दा भिन्न तेस्रो खालकी दिदी थिइन्, उनी साह्रै **खुशी** थिईन् । अनि यो उनी तीक्ष्ण भएका कारण वा उनका दिदीहरु भन्दा सक्षम भएका कारण भएको थिएन । होइन, मानिसहरुले कुनैकुनै समयमा उनलाई परित्याग र बेवास्ता पनि गर्थे । कुनैकुनै समयमा तिनीहरुले उनले लगाएका वा उनले भनेका कुराहरुमा पनि खिल्ली उडाउँथे । तिनीहरुले उनका बारेमा कहिलेकाहीँ रुखा कुराहरु पनि गर्थे

तरपनि उनले तिनीहरुलाई उलाई दुःख दिन अनुमति दिइनन् ।

यी दिदीले गाउन मन पराउँथे । उनीसँग महान् स्वर थिएन र मानिसहरुले यसका बारेमा खिल्ली उडाउँथे तर त्यसले उनलाई रोकेन । तिनले भन्थिन्, “म अरु मानिसहरु र तिनका विचारहरुका कारण गाउनबाट आफूलाई बञ्चित गर्दिन ।”

वास्तविकतामा यस्तो भयो कि उनले निरन्तर गाईन् जस्ले पहिलो खालकी दिदीलाई दुःखी दोस्रो खालकी दिदीलाई क्रोधित बनायो ।

धेरै वर्ष बिते र अन्नतः हरेक दिदीहरु पृथ्वीमा उनको समयको अन्त्यमा पुगे ।

पहिलो खालकी दिदी जसले पटक पटक जीवनमा त्यहाँ निराशाहरुको कमी छैन भनेर पत्ता लगाईन् अन्ततः उनी दुःखी बनेर मरिन् ।

दोस्रो खालकी दिदी जसले हरेक दिन मन नपराउने केही नयाँ चीज भेटाईन् उनी क्रोधित बनेर मरिन् ।

अनि तेस्रो खालकी दिदी जसले सबै शक्ति र उनको अनुहारमा दृढ मुस्कानका साथ उनको जीवन उनकै गीत गाएर बिताईन् तिनी खुशीसाथ मरिन् ।

निश्चिय नै, जीवन कहिल्यै पनि त्यस्तो साधारण छैन, र मानिसहरु कहिल्यै पनि यो कथामा उल्लेख गरिएका ती दिदीबहिनीहरु जस्तै आयामिक छैनन् । तरपनि यस्ता अत्याधिक उदाहरणहरुले पनि हामी स्वयंका बारेमा केही सिकाउन सक्छन् । यदि तपाईं हामी अधिकांश जस्तै हुनुहुन्छ भने, तपाईंले आफू स्वयंलाई यी दिदीबहिनीहरु मध्ये कुनै एक, दुई वा सम्भवतया सबै जस्तै पहिचान गर्नुभएको हुन सक्छ । यी हरेकलाई नजिकबाट हेरौं ।

**पीडित**

पहिलो खालकी दिदीले अरुबाट सञ्चालिन कोही व्यक्ति जस्तै आफूलाई एक पीडितका रुपमा हेरिन् ।[1] उनलाई एक चीज पछि अर्को गर्दै निरन्तर रुपमा भइरहेको जस्तो देखिने गरी उनलाई दुर्भाग्यपूर्ण बनाएका छन् । जीवनलाई यो धारणाबाट हेर्दा उनले कस्तो महसुस गरिन् र उनलाई कस्तो व्यवहार गरियो भन्ने कुरालाई नियन्त्रण गर्ने कुरा उनले अरुहरुलाई दिइरहेकी थिइन् । जब हामीले यसो गर्छौं, हामी हरेक प्रकारका विचारका बहावबाट परिचालित भएका हुन्छौं र सामाजिक सञ्जालको अति नै प्रभाव रहेको यो समयमा ती बहावहरु तीब्र तुफानका रुपमा बहन्छन् ।

प्रिय दिदीबहिनी, तपाईंको खुशीलाई अरु कसैका लागि वा कुनै एक समुहका लागि किन समर्पण गर्नुहुन्छ जसले तपाईं वा तपाईंको खुशीका लागि अति नै थोरै चासो राख्छन्?

यदि तपाईंले अरु मानिसहरुले तपाईंका बारेमा के भन्छन् भन्ने बारेमा चिन्तित भइरहनुहुन्छ भने म यी प्रतिकारकहरुलाई सुझाव दिन सक्छु: तपाईं को हो भनेर सम्झनुहोस् । सम्झनुहोस् कि तपाईं परमेश्वरको राज्यको राजकीय घरको हुनुहुन्छ, स्वर्गमा रहनुहुने माता पिताका छोरीहरु हुनुहुन्छ, जो विश्वभरी शासन गर्नुहुन्छ ।

तपाईंसँग परमेश्वरको आत्मिक डिएन्ए छ । तपाईंसँग विशिष्ट उपहार छ त्यो तपाईंको आत्मिक सृष्टिसँगै उत्पन्न भयो र ती तपाईंको भौतिक जीवनपूर्वको जीवनको वृहत समयमा विकास भएका थिए । तपाईं स्वर्गमा रहनुहुने हाम्रा दयालु र अनन्त पिताका सन्तति हुनुहुन्छ, सेनाका परमप्रभु, एक मात्र जसले विश्वको सिर्जना गर्नुभयो, विशाल क्षितिजमा घुम्ने ताराहरुलाई फिंजाउनुभयो र ग्रहहरुलाई नियुक्त गरिए अनुसारका तिनीहरुका ग्रहपथहरुमा राख्नुभयो ।

तपाईं उहाँको हातमा हुनुहुन्छ

अति नै असल हातहरु

माया गर्ने हातहरु

हेरचाह गर्ने हातहरु

अनि केहीले पनि तपाईंका बारेमा भन्ने कुराले यसलाई परिवर्तन गर्न सक्दैन । तपाईंका बारेमा परमेश्वरले भनेका कुराहरुको तुलनामा तिनीहरुका शब्दहरु अर्थवीहिन छन् ।

तपाईं उहाँको बहुमूल्य सन्तति हुनुहुन्छ

उहाँले तपाईंलाई माया गर्नुहुन्छ

तपाईंले ठक्कर खाएता पनि, तपाईं उहाँबाट टाढा हुँदा पनि, परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ । यदि तपाईंले हराएको वा बिर्सिएको महसुस गर्नुभएको छ भने नडराउनुहोस् । असल भेँडागोठालाले तपाईंलाई भेट्टाउनुहुनेछ । उहाँले तपाईंलाई उहाँको काँधमा उठाउनुहुनेछ । अनि उहाँले तपाईंलाई घरमा लैजानुहुनेछ ।[2]

मेरा प्यारा दिदीबहिनीहरु, कृपया यी दैवी सत्यहरुलाई तपाईंको हृदयमा गहिरो रुपमा डुब्न दिनुहोस् । अनि तपाईंले त्यहाँ दुःखी नहुनुपर्ने धेरै कारणहरु छन् भनेर थाहा पाउनुहुनेछ किनकि तपाईंसँग पूरा गर्नका लागि अनन्त गन्तव्य छ ।

संसारका प्रिय मुक्तिदाताले उहाँको जीवन दिनुभयो ताकि तपाईंले त्यो गन्तव्यलाई वास्तविकतामा परिणत गर्ने छनौट गर्न सक्नुहुन्छ । तपाईंले आफूमाथि उहाँको नाम लिनुभएको छ; तपाईं उहाँको अनुयायी हो । अनि उहाँका कारण तपाईं अनन्त महिमाको पहिरनले विभूषित हुन सक्नुहुन्छ ।

## घृणा गर्नेहरु

दोस्रो खालकी दिदी विश्वप्रति क्रोधित थिइन् । उनकी दु:खी दिदी जस्तै उनले पनि तिनको जीवनमा आएका समस्याहरु अरु कसैले सिर्जना गरिदिएका हुन् भनेर महसुस गर्थिन् । उनले तिनको परिवार, साथीहरु, हाकिम र सँगै काम गर्नेहरु, प्रहरी, छिमेकीहरु, चर्चका अगुवाहरु, अहिलेको फेसन, सौर्यको चमकको तिव्रता र दुर्भाग्यलाई दोषी ठहऱ्याइन् । अनि तिनले तिनीहरु सबैलाई कराउँथिन् ।

उनले आफूलाई रुखो व्यक्ति सम्भन्न । यसको विपरित, उनले महसुस गरिन् कि उनीमात्रै एक आफ्नो सुरक्षामा थिइन् । उनी विश्वास गर्थे की, अरु सबै स्वार्थीपन, अनावश्यक कुरामा र घृणामा उत्प्रेरित थिए । अर्को पक्षमा उनी सही चाहना, न्याय, सत्यनिष्ठा र प्रेमले प्रेरित थिइन् ।

दुर्भाग्यवस, रिसाएका दिदीले विचार गरेका कुराहरु अति नै सामान्य छन् । यसलाई हालको अध्ययनमा उल्लेख गरिएको थियो जसले प्रतिद्वन्दी समूह बीचमा द्वन्द्व ल्यायो । अध्ययनको एक अंशका रुपमा, अनुसन्धानकर्ताहरुले मध्यपूर्वका प्यालेस्टाइन र इजरायलीहरु र संयुक्त राज्य अमेरिकाका गणतन्त्रवादी र प्रजातन्त्रवादीहरुको अन्तरवार्ता लिए । तिनीहरुले पत्तालगाए कि "हरेक पक्षले महसुस गरे कि तिनीहरुको आफ्नै समूह घृणा भन्दा पनि प्रेमले प्रेरित थियो, तर जब सोधियो कि तिनीहरुको प्रतिद्वन्दी समूह किन विवादमा सहभागी भए, तिनीहरुले घृणालाई अर्को समूहको प्रेरणाको कारक भएको देखाए ।[३]

अर्को शब्दमा, हरेक समूहले आफूस्वयम्लाई असल व्यक्ति, निष्पक्ष, दयालु र सत्यवादीका रुपमा महसुस गरे । विरोधका कारण, तिनीहरुले आफ्ना प्रतिद्वन्दीहरुलाई खराब, अनभिज्ञ, बेइमान, दुष्ट व्यक्तिहरुका रुपमा हेरे ।

जुन समयमा म जन्मिएको थिएँ, विश्व दु:खदायी युद्धमा होमिएको थियो जसले विश्वमा दर्दनाक दु:ख र पीडा ल्यायो । यो युद्ध मेरो आफ्नै राज्यका मानिसको एक समूहले निम्त्याएको थियो जसले अन्य केही समूहलाई दुष्टका रुपमा पत्ता लगाए र घृणा गर्नेहरुलाई तिनीहरु विरुद्धमा जानका लागि प्रोत्साहन गरे ।

जसलाई उनीहरुले मन पराएनन् तिनीहरुलाई उनीहरुले मारिदिए । उनीहरुले तिनीहरुलाई  खिल्ली उडाए र अपमानित गरे । उनीहरुले तिनीहरुलाई सानो ठाने, मानव भन्दापनि कम । जब तपाईंले मानिसको समुहलाई नीचा देखाउनुहुन्छ, तपाईंले तिनीहरु विरुद्ध गरिने हिंसालाई शब्द र कार्यले प्रमाणित गर्न खोज्नुहुन्छ ।

जब म २०औं सताब्दीमा जर्मनीमा के भएको थियो भनेर सम्झन्छु म थरर काँप्छु ।

जब कसैले हाम्रो भन्दा विपरित धारणा राख्छ वा हामीसँग असहमत हुन्छ, त्यहाँ तिनीहरुसँग केही गलत भएको छ भनेर अड्कल गर्न प्रलोभित पार्छ । अनि त्यहाँबाट तिनीहरुका शब्द र व्यवहारहरुमा कमजोरी देखाउने उद्देश्य सानोबाट सबै भन्दा खराबमा पुग्ने हुन पुग्छ ।

निश्चय नै, हामी सधैं सही कुराका लागि दृढ भएर उभिनुपर्छ, र त्यहाँ त्यस्ता समयहरु आउनेछन् जहाँ ती कारणकालागि हामीले हाम्रो आवाजलाई उच्च पार्न पर्नेहुन्छ । जेभए तापनि, हामीले यसो गर्दा जब हामीले हाम्रो हृदयमा क्रोध वा घृणा लिन्छौं, जब हामी अरुहरुलाई पीडा दिन, अपमान गर्न वा तिनीहरुलाई चुप लगाउन कराउछौं, हामीले यसलाई धार्मिकतापूर्वक गरिरहेका नहुनसक्छौं ।

मुक्तिदाताले के सिकाउनुभयो?

"म तिमीलाई भन्दछु, तिम्रा सत्रुहरुलाई प्रेम गर, तिमीलाई चोट पुऱ्याउनेलाई आशीषित गर, तिमीलाई घृणा गर्नेहरुका लागि असल काम गर र तिमीलाई अनुपयुक्त तरिकाले उपयोग गर्ने र अत्याचार गर्नेहरुका लागि प्रार्थना गर ।"

"ताकि तपाईं स्वर्गमा रहनुहुने तपाईंका पिताका सन्तति बन्न सक्नुहुन्छ ।"[४]

यो मुक्तिदाताको तरिका हो । यो अति नै धेरै क्रोध, घृणा, भेदभाव, हिंसा र संसारमा व्यवधानहरु हटाउने पहिलो चरण हो ।

"हो," तपाईंले भन्न सक्नुहुन्छ, "म मेरा सत्रुहरुलाई प्रेम गर्ने चाहना राख्नेछु यदि तिनीहरु त्यही कुरा गर्न चाहन्छन् भने ।"

तर त्यसले वास्तवमा नै कुनै अर्थ राख्दैन, राख्छ र? हामी स्वयम्को अनुयायी हुने कुराका लागि हामी आफैं जिम्मेवार छौं, अनि अरुहरुले हामीलाई व्यवहार गर्ने तरिकामा हामीले कुनै चीज गर्छौं भन्ने कुराको थोरै

अर्थ छ । हामीले वास्तवमा नै आशा गर्छौं कि तिनीहरु त्यसको बदलामा बुझ्ने र करुणायुक्त हुन्छन्, तर तिनीहरुका लागि हाम्रो प्रेम हामी प्रतिको तिनीहरुको भावनाहरुमा आधारित छैन ।

सम्भवतया हाम्रा शत्रुहरुलाई प्रेम गर्ने हाम्रा प्रयासहरुले तिनीहरुका हृदयहरुलाई कोमल बनाउने छन् र तिनीहरुलाई असल कुराका लागि प्रभावित पार्नेछन् । सम्भवतया यस्तो नहुन पनि सक्छ । तरपनि त्यसले येशू ख्रीष्टलाई अनुशरण गर्ने हाम्रो प्रतिवद्धतालाई परिवर्तन गर्दैन ।

त्यैले, येशू ख्रीष्टको चर्चका सदस्यका रुपमा हामीले हाम्रा सत्रुहरुलाई प्रेम गर्नेछौं ।

हामीले क्रोध वा घृणामाथि विजय पाउनेछौं ।

हामी परमेश्वरका सबै सन्ततिहरुका लागि प्रेमले हाम्रो हृदयलाई भरिपूर्ण पार्नेछौं ।

तिनीहरुले हामीलाई द्वेष र अत्याचारपूर्वक उपयोग गर्न सक्ने भए तापनि हामी अरुहरुलाई आशीषित र प्रशासन गर्न पुग्नेछौं ।[५]

## विशुद्ध अनुयायी

तेस्री दिदीले येशू ख्रीष्टकी वास्तविक अनुयायीलाई प्रतिनिधित्व गर्दछिन् । तिनले केही चीज गरिन् जुन गर्न अति नै कठीन थियो । उपहास र कठिनाइमा पनि तिनले परमेश्वरमा विश्वास गरिन् । उनी वरिपरि घृणा र तिरस्कार हुँदाहुँदै पनि कुनै तरिकाले तिनले उनको आस्था र आशालाई सन्तुलीत राखिन् । उनी आफू खुशी भएका कारण उनका परिस्थितिहरु कठीन हुँदाहुँदै पनि तिनले खुशीपूर्ण रुपमा बाँचिन्।

हामी कसैले पनि निर्विरोध जीवनको यात्रालाई पूरा गर्न सक्दैनौं । हामीलाई पर तान्न खोज्ने अति नै धेरै शक्तिहरुसँगै हामीले हाम्रो दृष्टिलाई कसरी आस्थावान्हरुलाई प्रतिज्ञा गरिएका महिमित खुशीहरुमा एकतृत गर्न सक्छौं ?

म विश्वास गर्छु जवाफ हजारौं वर्ष अगाडि एक अगमवक्ताले देख्नुभएको सपनामा प्राप्त गर्न सकिन्छ । अगमवक्ताको नाम लही थियो र उहाँको सपनालाई मोर्मोनको बहुमुल्य र महिमित पुस्तकमा अभिलेख गरिएको छ ।

उहाँको सपनामा, लहीले विशाल खेत देख्नुभयो, र त्यसमा चमत्कारपूर्ण, वर्णन गर्न नै नसकिने सुन्दर रुख देख्नुभयो । उहाँले रुखतर्फ जाँदै गरेका मानिसहरुको ठूलो समुह पनि देख्नुभयो । तिनीहरु यसको महिमायुक्त फलको स्वाद लिन चाहन्थे । तिनीहरुले अनुभव र विश्वास गरे कि यसले तिनीहरुलाई महान् खुशी र चीरकालिन शान्ति दिनेछ ।

त्यहाँ साँघुरो बाटो थियो जसले रुखतर्फ अगुवाइ गर्छ र त्यसैको छेउमा फलामको छडी थियो जसले तिनीहरुलाई बाटोमा नै रहनका लागि सहयोग गरेको थियो । तर त्यहाँ अन्धकारको भुमरी पनि थियो जसले तिनीहरुको बाटो र रुख दुबैको दृष्टिलाई अस्पष्ट गराइदिन्छ । अनि सम्भवतया नजिकैको ठूलो र विशाल भवनबाट आएको खिल्ली उडाउने र उपहास गर्नेहरुको चर्को आवाज त्यो भन्दा पनि बढी खतरनाक थियो । चकित बनाउने गरी यही हँसीमजाकले केही मानिसहरुलाई आश्वस्त बनायो जो रुखमा पुगेका थिए र अनौठो फलको स्वाद लिए लज्जित र विचलित भएको महसुस गर्न थाले अनि पथभ्रष्ट भए ।[६]

सम्भवतया तिनीहरुले शंका गर्न थाले कि जसै तिनीहरुले कुनै एक पटक महसुस गरे जस्तै रुख अति नै सुन्दर थियो । सम्भवतया तिनीहरुले के अनुभव गरेका हुन् भन्ने वास्तविकताहरुको प्रश्न गर्न थाल्नेछन् ।

सम्भवतया तिनीहरुले सोचेका हुन सक्छन् कि यदि तिनीहरु रुखबाट टाढा गए भने जीवन सजिलो हुनेछ । सम्भवतया तिनीहरुलाई उपहास गरिने वा खिल्ली उडाउने गरिनेछैन ।

अनि वास्तवमा, तिनीहरुलाई उपहास गर्ने मानिसहरु धेरै खुशी र राम्रो समय बिताइरहेका जस्ता देखिन्छन् । त्यसैले सम्भवतया यदि तिनीहरुले रुखलाई परित्याग गरेभने तिनीहरुलाई महान् र विशाल भवनको सभामा स्वागत् गरिनेछ र तिनीहरुको निर्णय, दक्षता र धोखाबाजीको सराहना गरिनेछ ।

## मार्गमा रहनुहोस्

प्रिय दिदीबहिनीहरु, प्रिय साथीहरु, यदि तपाईंले फलामको छडीमा रहिरहन र मुक्तितर्फ निरन्तर हिँडिरहन कठिनाइ महसुस गर्नुभयो भने; यदि अरुहरुलाई खिल्ली उँडाउने र उपहास गर्नेहरु तपाईंलाई विचलित बनाउनका लागि दृढ देखिए भने; यदि तपाईं अनुत्तरित प्रश्नहरु वा तपाईंले अझै नबुझेका सिद्धान्तहरुका कारण समस्यामा हुनुहुन्छ भने; यदि तपाईं निराशाहरुका कारण दुःखी हुनुहुन्छ भने, म तपाईंहरुलाई लहीको सपनालाई सम्झन अनुरोध गर्दछु ।

मार्गमा रहनुहोस् ।

परमेश्वरका वचन फलामको छडीबाट बाहिर कहिल्यै नजानुहोस् ।

अनि जब कसैले परमेश्वरको प्रेममा सहभागी

भएका कारण तपाईँ लज्जित गराउँछ भने तिनीहरुको बेवास्ता गर्नुहोस् ।

तपाईँ परमेश्वरको सन्तति हुनुहुन्छ भनेर कहिल्यै पनि नबिर्सिनुहोस्; महान् आशीषहरु भण्डारमा छन्; यदि तपाईँले उहाँका चाहनाहरु अनुरुप गर्न सिक्नुभयो भने, फेरि एकपटक तपाईँ उहाँसँग जिउनुहुनेछ ।[७]

संसारद्वारा स्वीकृति जनाइएका र गरिएका प्रशंसाका प्रतिज्ञाहरु भरपर्न नसकिने, असत्य र सन्तुष्टि प्राप्त गर्न नसकिने खालका हुन्छन् । परमेश्वरका प्रतिज्ञाहरु अहिले र सदाका लागि सुनिश्चित, सत्य र खुशीपूर्ण हुन्छन् ।

उच्च परिप्रेक्षबाट धर्म र आस्थालाई ध्यान दिन म तपाईँहरुलाई आह्वान् गर्दछु । येशू ख्रीष्टको सुसमाचार अनुरुप जिउनुको फलसँग महान् र विशाल भवनमा प्रदान गरिने सुविधाहरुलाई तुलना गर्न सकिँदैन ।

वास्तवमा, "आँखाले देखेका छैनन्, न त कानले सुनेका नै छन्, न त मानवको हृदयमा नै प्रवेश गरेका छन्, यी चीजहरु जसलाई परमेश्वरले तिनीहरुका लागि तयार पार्नुभएको छ जसले उहाँलाई प्रेम गर्छन् ।[८]

मैले म आफैँका लागि सिकेँ कि अनुयायीको बाटोमा येशू ख्रीष्टको सुसमाचार खुशीतर्फको बाटो हो । यो सुरक्षा र शान्तिको बाटो हो । यो सत्यको बाटो हो ।

म गवाहि दिन्छु कि पवित्र आत्माको उपहार र शक्तिबाट तपाईँ यो आफूस्वयम्का लागि सिक्न सक्नुहुन्छ ।

यसै बीचमा, यदि तपाईँका लागि मार्ग कठीन हुन्छ भने, म आसा गर्छु तपाईँले चर्चको: प्राइमरी, युवती महिला र राहत समाजका हाम्रो अति नै राम्रा संगठनहरुमा शरण र शक्ति प्राप्त गर्नुहुनेछ । तिनीहरु बाटो देखाउने संकेत जस्तै हुन्, जहाँ अगाडिको यात्राका लागि तपाईँले तपाईँको दृढता र आस्थालाई नवीकरण गर्नुहुनेछ । तिनीहरु एक सुरक्षित घर हुन् जहाँ तपाईँले आफ्नोपनको एक अनुभव गर्न सक्नुहुन्छ र तपाइँका दिदीबहिनीहरु र अनुयायी मित्रहरुबाट प्रोत्साहन पाउनुहुनेछ ।

प्राइमरीमा तपाईँले सिक्ने कुराहरुले युवती महिला हुँदा तपाईँले सिक्ने थप सत्यहरुका लागि तपाईँलाई तयार पार्छ । युवती महिला हुँदाका कक्षाहरुमा तपाईँले हिँड्ने अनुयायीको बाटोले राहत समाजको भगिनीत्व र राहत समाजतर्फ अगुवाइ गर्छ । बाटोका हरेक चरणसँगै तपाईँले आस्थाका कार्यहरु, दया, करुणा, सद्गुण र सेवाका माध्यमबाट अरुहरुका लागि तपाईँको प्रेमलाई प्रदर्शन गर्नका लागि थप अवसरहरु प्रदान गरिएको छ ।

अनुयायीको यो बाटोलाई छनौट गर्नाले अवर्णनीय खुशी र तपाईँको दैवी प्रकृतिको परिपूर्णतातर्फ अगुवाइ गर्नेछ ।

यो सजिलो हुनेछैन । यसका लागि तपाईँसँग भएका तपाईँका बुद्धिमत्ता, सिर्जनशिलता, आस्था, सत्यनिष्ठा, शक्ति, समर्पण र प्रेम सबैको उच्च आवश्यक छ । तरपनि एक दिन तपाईँले तपाईँका प्रयासहरुलाई पछाडि फर्केर हेर्नुहुनेछ र तपाईँ कति कृतज्ञ हुनुहुनेछ कि तपाईँ दृढ रहनुभयो कि तपाईँले विश्वास गर्नुभयो र तपाईँ मार्गबाट विचलित हुनुभएन ।

## अगाडि बढी रहनुहोस्

जीवनका बारेमा त्यस्ता धेरै कुराहरु हुन सक्छन् जुन तपाईँको नियन्त्रण भन्दा बाहिरका हुन सक्छन् । तरपनि अन्त्यमा तपाईँसँग यो बाटोको तपाईँको गन्तव्य र तपाईँहरु मध्ये असंख्यको अनुभवहरु दुबै छनौट गर्ने शक्ति छ । यो धेरै जसो तपाईँको क्षमतामा नभई जीवनमा भिन्नता ल्याउने तपाईँका छनौटहरुमा निर्भर गर्छन् ।[९]

तपाईँले परिस्थितिहरुलाई तपाईँलाई दुःखी बनाउन अनुमति दिन सक्नुहुन्न ।

तपाईँले तिनीहरुलाई आफूलाई क्रोधित बनाउन अनुमति दिन सक्नुहुन्न ।

तपाईँ परमेश्वरकी पुत्री हुनुहुन्छ भनेर तपाईँ खुशी हुन सक्नुहुन्छ । तपाईँ परमेश्वरको दया र येशू ख्रीष्टको प्रेममा खुशी र सुख प्राप्त गर्न सक्नुहुन्छ ।

तपाईँ खुशी हुन सक्नुहुन्छ ।

म तपाईँहरुलाई परमेश्वरको प्रचूर र असीमित असलपनाले तपाईँको हृदय भरिपूर्ण गर्नका लागि अनुरोध गर्छु । मेरा प्यार दिदीबहिनीहरु, तपाईँहरुले यो गर्न सक्नुहुन्छ ! मेरो आत्माको सम्पूर्ण प्रेम सहित म प्रार्थना गर्छु कि तपाईँले जीवनको वृक्षतर्फ निरन्तर रुपमा अघि बढ्ने छनौटहरु गर्नुहुनेछ । म प्रार्थना गर्छु कि तपाईँले तपाईँको जीवन प्रशंसाको परमेश्वरको प्रेममा खुशी भएर, उहाँको चर्चका रोचकताहरु र येशू ख्रीष्टको सुसमाचारले संसारमा ल्याउन सक्ने एक महिमायुक्त संगीत रचना गर्नका लागि तपाईँको आवाजलाई उच्च बनाउन छनौट गर्नुहुनेछ ।

सही अनुयायीको गीत बेसुरा वा केही हदसम्म चर्को सुनिन सक्छ । समयको सुरुआतसँगै यस्तो भएको छ ।

तर स्वर्गमा रहनुहुने हाम्रा पिता र तिनीहरु जसले उहाँलाई प्रेम र सम्मान गर्छन, तिनीहरुका लागि यो सबैभन्दा अनमोल र उत्कृष्ट गीत हो—उद्धार गर्ने प्रेम र परमेश्वरको सेवा र साथीभाइकालागि अलौकिक र पवित्र गीत हो [१०]

परमप्रभुको एक प्रेरितका रुपमा म तपाईंहरुलाई आशीष छोड्छु कि परमेश्वरका छोरीहरुका रुपमा तपाईंहरुले खुशीपूर्वक अनुयायीको महिमित मार्गमा हरेक दिन हिँड्दा आनन्दले पूर्ण भएर शक्ति र साहस पाउनुहुनेछ । येशू खीष्टको पवित्र नाममा आमीन ।

**सूचीहरु**

१. हेर्नुहोस् २ नफी २:१४, २६

२. हेर्नुहोस् लुका: १५:४-६

३. बोस्टन कलेज, "Study Finds Intractable Conflicts Stem from Misunderstanding of Motivation," नोभे. ४, २०१४ *ScienceDaily,* sciencedaily.com.

४. मत्ती ५:४४-४५

५. मत्ती ५:४४

६. हेर्नुहोस् १ नफी ८

७. हेर्नुहोस् २-३ "I Am a Child of God," *Children's Songbook,*

८. १ कोरिन्थी २::९

९. हेर्नुहोस् "सबै समयका उद्धरणहरुलाई समेट्ने पुस्तक" pegasuspublishers.com/blog.

१०. हेर्नुहोस् आल्मा ५:२६

© 2017 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97931-372 को अनुवाद ।